## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

लालझाडी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः.१ संख्याः.८ मितिः २०७४/१२/१२

गाउँकार्यपालिका वाट स्वीकृत मितिः२०७४/१२/८

भाग-२

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४

**१.परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय–पत्र वितरण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेकोछ ।

**२.परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३.उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एक रुपता का लागी अनुसूची २ को ढांचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४.लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६.परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढांचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा यैस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकतर्फ नेपाली भाषामा र अर्को पट्टि अंग्रेजी भाषामा उल्लेख गरेको हुनेछ ।

**८.परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी वडा अध्यक्ष वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गा.पा. को कार्यालय मार्फत राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन  लालझाडी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

च) लालझाडी गाउँपालिका वाहेक अन्य स्थानको नेपाली नागरिकता प्रमाण पत्र भएमा अनिवार्य रुपमा निजले वसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नु पर्नेछ ।

छ) यस पूर्व महिला तथा वालवालिका कार्यालयवाट ज्येष्ठ नारिकहरुले प्राप्त गरेको  परिचयपत्र यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

९.विविध

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) लालझाडी गाउंपालिका क्षेत्रभित्र गाउँपालिकालाई आवश्यक  लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धी कार्यमा कुनै बधा अड्काव आइपरेमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

(घ) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही वडा अध्यक्षले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची १ Sedual 1

ज्येष्ठ नागरिक परिचय-पत्र

Senior citizenship Card

प्र.प. नं :-
Card No.
नाम थर : ........................................... राष्टियता
Name................. Nationality...........
ना.प्र.प.न.: .......... Citizenship No.
ठेगानाः जिल्ला ...................... गा.पा. / न.पा.: ......................... वडा नं.: ..... टोल / गाउ : ......... प्रदेश नं.........
Address............................District...........Municipality............Village ward No ............
Tole/Villlage………..Province No.
उमेरः ........... लिङ्गः ........... जन्म मिति
Age .......... Sex.....Date of birth
उपलब्ध छुट तथा सुविधाहरु : .................................
Avilable Service.............
पति / पत्नी / छोरा / छोरी को नाम : .............................................
Name of Wife/Husband/ Daughter/son…………………. .
हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः .........................................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :...............................
Name of caretackar, Contact No.
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम  : .........
Blood Group .... Diseases Name.................Name of drugs ..............
प्रमाणित गर्ने  :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

अनुसूची २

ज्येष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण

जिल्ला .............गाउँपालिका .........................वडा नं ............प्रदेश..........

| सि.न | नाम, | जन्म | वुवाको | वाजेको | पति / पत्नी | संरक्षको | ना.प्र.न. | ज्येष्ठ | कै |
|---|---|---|---|---|---|---|---|---|---|

| | थर | मिति | नाम, थर | नाम,थर | को नाम, थर | नाम, थर | तथा जारी मिति र जिल्ला | नागरिक परिचय पत्र नं तथा जारी मिति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने
नाम,थर
पद :

प्रमाणित गर्ने
नाम,थर
पदः